प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
प्रदेश नं. १ विराटनगर

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा

कार्यक्षेत्र: धनकुटा/तेह्रथुम

## अनुदानमा बोयर बोका वितरणको लागि दररेट पेश गर्ने सम्बन्धि सूचना

**दोश्रो पटक प्रकाशित मिति २०७९/११/१२**

**दरखास्त पेश गर्ने अन्तिम मिति २०७९/११/१८**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको आ.व. २०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार धनकुटा तथा तेह्रथुम जिल्लाका लागि बोयर बोका खरिद तथा वितरण कार्यक्रम भएको हुँदा तपशिल बमोजिम मापदण्ड पुगेका शुद्ध नश्लको बोयर वा बोयर क्रस बोकाहरुको उपलब्धताको लागि श्रोत एकिन गर्न सरकारी वा निजि श्रोत केन्द्र वा रेकर्ड राखेको फार्म/संस्थाहरुले के कति दररेटमा र कति संख्यामा उपलब्ध गराउन सकिन्छ, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र देहाय बमोजिमको कागजात सहित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटा वा सम्पर्क केन्द्र म्याङलुङ्ग तेह्रथुममा आवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

थप जानकारीको लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको फोन नं. ०२६-५२२२८०/०२६-५२२२८३, सम्पर्क केन्द्र तेह्रथुमको फोन नं. ०२६-४६०१२७ मा सम्पर्क राख्नु हुन वा कार्यालयको वेभसाईट vhlecdhankuta.p1.gov.np बाट जानकारी लिन सक्नु हुनेछ ।

**प्रजनन् योग्य बोयर वा बोयर क्रस बोकामा हुनु पर्ने गुणहरु:**

क. शारिरिक तौल कम्तिमा ३० केजी हुनु पर्नेछ ।
ख. जातिय गुण प्रष्ट भएको हुनु पर्नेछ ।
ग. दुबै अण्डकोष राम्रोसंग विकास भएको र समान आकार प्रकार भएको हुनुपर्नेछ ।
घ. जुम्ल्याहा सन्तानबाट जन्मेको हुनुपर्नेछ ।

लोकनाथ दुंगाना
पशु विकास अधिकृत
नि. कार्यालय प्रमुख

**प्रस्ताव साथ पेश गर्नु पर्ने कागजातहरु:**

१. रु. १० को हुलाक टिकट टाँस गरिएको आवेदन पत्र ।
२. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।
३. प्रचलित कानुन बमोजिम आधिकारिक निकायमा फर्म/संस्था/पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
४. अघिल्लो आ.व.को लेखा परिक्षण प्रतिवेदन र करचुक्ताको प्रतिलिपी ।
५. सम्बन्धित स्थानीय तह पशुपन्छी शाखाको मापदण्ड पुगेको र संख्या एकिन गरेको सिफारिस पत्र ।
६. फार्ममा भएका बोकाको रेकर्डको प्रतिलिपी ।

मिति २०७९/११/.....

कार्यालय प्रमुख ज्यु,
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
धनकुटा ।

विषय : बोयर बोकाको दररेट पेश गरिएको बारे ।

उपरोक्त सम्बन्धमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनकुटाको मिति २०७९/११/१२ गते प्रकाशित सूचना अनुसार मापदण्ड पुगेका तपशिलका बोकाहरुको दररेट सहित आवश्यक कारवाहीको लागि यो निवेदन पेश पेश गरेको छु ।

तपशिल

| क.स. | जात | उमेर समुह (देखी-सम्म) | तौल (देखी सम्म) | दर प्रति के.जी. रु. | उपलब्ध गराउन सकिने बोका संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शुद्ध बोयर बोका | | | | | |
| २ | बोयर क्रस बोका | | | | | |

संलग्न कागजातहरुको सूची

| क.स. | संलग्न कागजातहरुको विवरण | संलग्न संख्या |
|---|---|---|
| १ | रु. १० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र | |
| २ | आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी | |
| ३ | फर्म/संस्था/व्यवसाय दर्ता/ नविकरण/ पान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी | |
| ४ | करचुक्ता प्रमाणपत्रको प्रतिलिपी | |
| ५ | स्थानीय तह पशुपन्छी शाखाको सिफारिस पत्र | |

निवेदक

दस्तखत :

फार्मको छापः

नाम :

ठेगानाः

फार्मको नामः

०सम्पर्क नं.